




# विश्वकपमा छनौट नभएको भए पागल हुन्थें: मेस्सी



ब्यानर्स आयर्स, १२ अक्टोबर

मैले केटाहरुलाई भनेको थिएँ,'अर्जेन्टिनाका लागि मेस्सी विश्वकपमा थिएनन्, तर फुटबलले मेस्सीलाई विश्वकपमा ल्यायो।'

मेस्सीले करियरको ४४औं ह्याट्रिकमार्फत इक्केडरविरुद्ध उत्कृष्ट जीत दिलाउँदै अर्जेन्टिनालाई विश्वकपमा पुऱ्याएपछि प्रशिक्षक जर्ज साम्पाओलीले दिएको पहिलो प्रतिक्रिया हो यो।

सन् २०१४ को उपविजेता अर्जेन्टिनाले खेल सुरु हुनुअघिसम्म छैटौं स्थानमा थिए। र, उनीहरुलाई थाहा थियो कि चार टीम मात्र विश्वकपमा छनौट हुनेछन्।

३८ सेकेण्डमै अर्जेन्टिनाविरुद्ध गोल गरी इक्केडरले क्वीटोमा भयानक सुरुवात गऱ्यो। तर, बार्सिलोनाका सुपरस्टारले अर्जेन्टिनालाई खेलमा मात्र फर्काएनन्, अर्को वर्षको रुस विश्वकपमा टिकट सुरक्षित गरे।

# विश्वकपमा छनौट हुन नसकेपछि अमेरिकी फुटबलमा खलबली




क्यालोर्निया, १२ अक्टोबर

अमेरिका आउँदो वर्ष रुसमा हुने विश्वकप फुटबलमा नहुनु निकै दुःखको कुरा रहेको र यो अमेरिकी फुटबलका लागि अँध्यारो पाटो बन्ने अमेरिकी टीमका पूर्व डिफेन्डर एलेक्सी लालासले बताएका छन्। विश्वकप छनौट अन्तर्गत बुधवार भएको खेलमा ट्रिनिडाड एण्ड टोबागोसँग पारजित भएपछि अमेरिका विश्वकपमा छनौट हुन नसकेको हो। अमेरिका सन् १९८६ यता पहिलोपटक विश्वकपमा स्थान बनाउन असफल भएको हो।

अमेरिकालाई लगातार आठौं पटक विश्वकपको यात्रा तय गर्नका लागि अन्तिम खेल बाँकी हुँदा एक अंक मात्रै चाहिएको थियो। तर छनौट चरणका अघिल्ला ९ खेलमा एक खेल मात्रै जितेको ट्रिनिडाड एण्ड टोबागोसँग २-१ ले पराजित भएर विश्वकप यात्रा गुमाउनु समग्र अमेरिकी फुटबलका लागि राम्रो नरहेको उनले बताएका छन्।

अमेरिकी टीमको कमजोरीका कारण छनौट हुन नसकेको उनले आरोप लगाएका छन्। अमेरिकी टीमका मुख्य प्रशिक्षक ब्रुस एरिनाले हारको जिम्मेवारी लिएका छन्। तर आफू र टीमले गरेको काम तथा नीतिमा कुनै कमजोरी भने नरहेको उनले दाबी गरेका छन्।

तर अमेरिकी फुटबलको प्रशासकीय निकायका १७ निर्देशक मध्ये एक डोन्ना इ. शालालाले असफलता स्वीकार्य नरहेको र अब ठूलो परिवर्तनको समय आएको बताएका छन्। उत्तर तथा मध्य अमेरिकी क्षेत्रबाट अमेरिका छनौट हुन नसक्दा पानामाले पहिलोपटक विश्वकपमा स्थान बनायो भने होण्डुरसले प्ले-अफमा स्थान सुरक्षित गरेको छ।

# मेस्सी र रोनाल्डोलाई पछि पार्ने नेइमारको योजना



रियो, १२ अक्टोबर

ब्राजिल तथा पेरिस सेन्ट-जर्मेन (पीएसजी) स्टार नेइमारले यो वर्ष नभए पनि अर्को वर्ष बालोन डी'ओरमा क्रिष्टियानो रोनाल्डो र लियोनल मेस्सीलाई पछि पार्ने योजना बनाएका छन्।

नेइमारले सन् २०१८ को बालोन डी'आरमा आफ्नो नाम लेखाउने योजना बनाएको स्पेनिस वेब साइट डन बालोनले दाबी गरेको छ। त्यसका लागि आउँदो वर्ष हुने विश्वकप फुटबलमा ब्राजिललाई उपाधि दिलाउने र त्यसले आफूलाई बालोन डी'ओरको यात्रा तय गराउने नेइमारको सपना छ। ब्राजिलसँगै रोनाल्डो कप्तान रहेको पोर्चुगल र मेस्सी कप्तान रहेको अर्जेन्टिना पनि विश्वकपमा छनौट भइसकेका छन्।

आउँदो दिसम्बरमा घोषणा हुने यो वर्षको बालोन डी'ओरका लागि रोनाल्डो र मेस्सीसहित नेइमार पनि मनोनयनमा परेका छन्। तर यसपटक पनि रोनाल्डो वा मेस्सीले अवार्ड जित्ने आंकलन गरिएको छ। यो दौडमा गएको सिजन रियल मड्रिडलाई ला लिगा र च्याम्पियन्स लिगको उपाधि दिलाएका रोनाल्डो अघि छन्।

# विश्वकपमा कुन-कुन देशले स्थान बनाए?

लण्डन, १२ अक्टोबर

अर्को वर्ष रुसमा हुने विश्वकप फुटबलको छनौट चरण अन्तिम अवस्थामा पुगेको छ। सहभागी ३२ मध्ये आयोजक रुससहित २३ टोलीले स्थान सुरक्षित गरिसके।

अब अन्तर महादेशीय र महादेशीय प्लेअफमार्फत आउने टोलीहरुको टुंगो अर्को महिनासम्ममा लाग्नेछ।

पाँच पटकको विजेता ब्राजिल, साविक विजेता जर्मनीसँगै अर्जेन्टिना, बेल्जियम, कोलम्बिया, कोष्टा रिका, इङ्गल्याण्ड, इजिप्ट, फ्रान्स, आइसल्याण्ड, इरान, जापान, मेक्सिको, नाइजेरिया, पानामा, पोल्याण्ड, पोर्चुगल, साउदी अरेविया, सर्विया, दक्षिण कोरिया, स्पेन र उरुग्वे रुस विश्वकपका लागि छनौट भएका छन्।

त्यसमध्ये युरोपबाट आयोजक रुससहित १०, एशियाबाट ४, अफ्रिकाबाट २, उत्तर तथा मध्य अमेरिकाबाट ३ र दक्षिण अमेरिकाबाट ४ टोलीले विश्वकप सहभागिता पक्का गरिसकेका छन्।

यसपटक युरोपबाट छनौट भएको आइसल्याण्ड र मध्य तथा उत्तर अमेरिकाबाट छनौट भएको पानामाले पहिलो पटक विश्वकप खेल्दैछन्। आइसल्याण्ड जनसंख्याको हिसाबमा विश्वकपमा पुग्ने सबैभन्दा सानो मुलुक समेत हो।

साथै यस विश्वकपमा अहिलेसम्म दक्षिण अमेरिकाबाट चिली र युरोपबाट नेदरल्याण्ड्स बाहिरिइसकेका छन्। चिली दक्षिण अमेरिकी च्याम्पियन हो भने नेदरल्याण्ड्स गत संस्करणको सेमिफाइनलिष्ट हो। त्यस्तै वेल्स, टर्की, युक्रेन तथा अफ्रिकाबाट अल्जेरियापनि यस पटक विश्वकपमा स्थान बनाउन असफल रहे।

हामीले विश्वकपमा सहभागिता निश्चित गरेका टोलीहरुको संक्षिप्त परिचय दिएका छौं।

## युरोप

### रुस

स्टानिस्लाभ चेर्चेसोभको टोली रुसले चौथो पटक विश्वकप खेल्दैछ। सोभियत संघ विघटन भएपछि पहिलो पटक रुसको नामबाट सन् १९९४ मा विश्वकप खेलेको थियो। सोभियत संघबाट १९६६ को विश्वकपमा चौथो भएको थियो।

रुसका प्रशिक्षक चेर्चेसोभ राष्ट्रिय टोलीका पूर्व गोलरक्षक हुन्। कन्फेडेरेसन कपको सहभागितापछि उनले आफ्नो टोली थप म्याच्योर भएको बताएका थिए। उसले विश्वकपमा सेमिफाइनलसम्म पुग्ने लक्ष्य लिएको छ।

### बेल्जियम

अघिल्ला दुई संस्करणमा छनौट हुन नसकेको बेल्जियमले गत संस्करण ब्राजिलमा क्वार्टरफाइनलसम्मको यात्रा तय गरेको थियो। त्यसपटक बेल्जियम अर्जेन्टिनासँग पराजित भएको थियो। विश्वकपमा बेल्जियमको राम्रो प्रदर्शन १९८६ मा थियो। जतिबेला उ चौथो भएको थियो।

रोबर्टो मार्टिनेज बेल्जियमका प्रशिक्षक हुन् जसले २०१३ मा विगानलाई एफए कपको उपाधि दिलाएका थिए। त्यसको ३ दिनपछि विगान प्रिमियर लिगबाट रेलिगेसनमा परेको थियो। त्यसपछि बेल्जियममा आबद्ध भएका उनले टीमलाई एकबद्ध गरेका छन् र उपाधिको दावेरदारको रुपमा प्रस्तुत गराएका छन्।

### इङ्गल्याण्ड

१९६६ मा ऐतिहासिक रुपमा विश्वकप जितेपछि इङ्गल्याण्ड एक पटक मात्र १९९० मा सेमिफाइनलसम्म पुगेको छ। गत संस्करणमा इङ्गल्याण्ड समूह चरणबाटै घर फर्किएको थियो। १९५८ पछि पहिलो पटक इङ्गल्याण्डले त्यो नियती व्यहोरेको थियो।

हालै नियुक्त भएका इङ्गल्याण्डका प्रशिक्षक ग्यारेथ साउथगेटको विश्वकप नै पहिलो र ठूलो प्रतियोगिता हुनेछ। उनको प्रशिक्षणमा इङ्गल्याण्डले मात्र जर्मनी र फ्रान्ससँग पराजय ब्यहारेको छ। विश्वकप छनौटमा इङ्गल्याण्ड अपराजित रह्यो।

### फ्रान्स

आफैंले आयोजना गरेको विश्वकप १९९८ जितेको फ्रान्स त्यसको ८ वर्षपछि २००६ को संस्करणमा फाइनलमा इटलीसँग पराजित भएको थियो। फ्रान्स अघिल्लो विश्वकपको क्वार्टरफाइनलिष्ट र २०१६ को युरोकपको उपाविजेता हो।

१९९८ मा विश्वकप र २००० मा युरो जित्दाका महत्वपूर्ण सदस्य डिडिएर डेसच्याम्प २०१२ यता फ्रान्सको प्रशिक्षक रहेका उनको नेतृत्वमा फ्रान्स अघिल्लो वर्ष घरमै भएको युरोकप फाइनलमा पोर्चुगलसँग हारेको थियो।

### जर्मनी

जर्मनी विश्व च्याम्पियन हो। प्रतियोगिताको साविक विजेता हो भने विश्वको उत्कृष्ट टोली हो। १३ वर्षयता जर्मन टोलीको प्रशिक्षक टीममा रहेका जोचिम लोले मुख्य प्रशिक्षकको रुपमा जिम्मेवारी सम्हालेको पनि १० वर्ष भइसक्यो। त्यसबीचमा २००८ मा युरोकप उपविजेता भएको जर्मनीले २०१४ मा विश्वकपको ट्रफी उचालेको थियो।

### आइसल्याण्ड

कोसोभोलाई २-० गोलले हराएर गत सोमवार आइसल्याण्डले पहिलो पटक विश्वकप फुटबलको ऐतिहासिक यात्रा तय गऱ्यो। निःशन्देह आइसल्याण्ड फुटबलको गोल्डेन जेनेरेसनले अघिल्लो वर्ष फ्रान्स युरोमा इङ्गल्याण्डलाई नकआउट गरी सनसनी मच्चाएको थियो। आइसल्याण्ड युरोको क्वार्टरफाइनलसम्म पुगेको थियो।

आइसल्याण्डका दन्त चिकित्सक प्रशिक्षक ५० वर्षीय हेइमिर हलग्रिम्सनले आइसल्याण्डबासीलाई हसाइरहेका छन्। युरोको सफलता पनि उनले अर्को असफलता चुमेका छन्, जसका कारण आइसल्याण्डका जनता खुसीले गदगद छन्।

### पोल्याण्ड

विश्वकप वरियातामा पोल्याण्ड छैटौं स्थानमा छ। तर उसले अहिलेसम्म विश्वकप जित्न सकेको छैन। कतिपयको दावी अनुसार पोल्याण्ड अहिले अहिलेसम्मकै बलियो टीमको रुपमा देखिन्छ। १९७४ र ०८२ को विश्वकपमा पोल्याण्डले तेस्रो स्थान हासिल गरेको थियो, त्यो नै उसको विश्वकपमा उत्कृष्ट प्रदर्शन हो।




### पोर्चुगल

सुपरस्टार स्ट्राइकर क्रिष्टियानो रोनाल्डोको टोली पोर्चुगल अहिलेको च्याम्पियन पनि हो। उसले गत वर्ष फ्रान्सलाई उसकै भूमिमा हराएर युरोकपको उपाधि जितेको थियो। स्वीट्जरल्याण्डलाई हराएर उनले विश्वकप सहभागिता निश्चित गरेको हो।

तर, विश्वकपमा उसको प्रदर्शन सन्तोषजनक छैन। १९६६ मा तेस्रो भएको पोर्चुगल सन् २००६ मा सेमिफाइनलमा पुगेको थियो। यसअघिको संस्करणमा भने उसले समूह चरण पार गर्न सकेन।

चार पटकका विश्व उत्कृष्ट खेलाडी, पोर्चुगलका लागि कीर्तिमानी अन्तर्राष्ट्रिय गोलकर्ता र सबैभन्दा धेरै क्याप जित्ने खेलाडी रोनाल्डोकै प्रदर्शन र प्रेरणामा पोर्चुगिज टीमको भविष्य निर्धारण हुनेछ। प्रशिक्षक फर्नाण्डो सान्तोषको नेतृत्वमा पाएको युरो सफलतालाई उनी विश्वकपसम्म डोहोर्‍याउन चाहन्छन्।

### सर्विया

रुसमा समेत गरी विश्वकपमा ब्राजिलको १२औं सहभागिता हुनेछ। सर्विया गत संस्करणमा छनौट हुन असफल भएको थियो भने त्यसअघिका दुई संस्करणमा समूह चरण पार गर्न सकेको थिएन।

### स्पेन

अहिले ११ औं वरियातामा रहेको स्पेन २००८ देखि २०१३ सम्म विश्व वरियाताको शीर्ष स्थानमा थियो। स्पेन २०१० को विश्व च्याम्पियन हो भने २००८ र २०१२ को युरो च्याम्पियन हो।

रियल मड्रिडका एट्याकिङ मिडफिल्डर इस्को अहिले निक्कै उत्कृष्ट लयमा छन्। अल्भारो मोराटा पनि चेल्सीमा उच्च लयमा देखिन्छन्।

जुलाई २०१६ मा स्पेनको उच्च टोलीको मुख्य प्रशिक्षक नियुक्त भएयता जुलेन लोपेटेगुईको टोलीले लगातार १३ खेलमा पराजय ब्यहोरेको छैन। स्पेनलाई यू-१९ र यू-२१ युरो च्याम्पियनशीप दिलाएका उनीसँग ठूला र महत्वपूर्ण प्रतियोगिता खेलाएको अनुभव छैन।

## दक्षिण अमेरिका

### अर्जेन्टिना

दक्षिण अमेरिकी छनौटको अन्तिम चरणमा पाँच पटकका उत्कृष्ट फुटबलर लियोनल मेस्सीको ह्याट्रिकको सहयोगमा अर्जेन्टिनाले विश्वकपमा स्थान बनायो। अर्जेन्टिनाले १९७८ र १९८६ मा गरी दुई पटक विश्वकप जितेको छ भने १९३०, १९९० र २०१४ मा गरी तीन पटक उपविजेता बनेको छ। गत संस्करणको फाइनलमा अर्जेन्टिनाले जर्मनीसँग १-० को हार ब्यहोरेको थियो।

चिलीलाई २०१५ मा कोपा अमेरिका जिताएका प्रशिक्षक जर्ज साम्पाओली अहिले अर्जेन्टिनाको प्रशिक्षक छन्। उनले मे २०१७ देखि टिम संहालेका हुन् र कठिन परिस्थितिबाट पार लगाउँदै उनले टोलीलाई विश्वकपमा स्थान बनाए।

### ब्राजिल

पाँच पटक, १९५८, १९६२, १९७०, १९९४ र २००२ को विश्व विजेता ब्राजिलले गत संस्करणको सेमिफाइनलमा जर्मनीसँग घरमै ७-१ को पराजय ब्यहारेको थियो। त्यस चोटबाट बाहिरिन निक्कै संघर्ष गरेको ब्राजिल विश्वकपमा छनौट हुने पहिलो टोली हो।

डुंगाको प्रशिक्षणमा विश्वकप छनोट यात्रा सुरु गरेको ब्राजिलको प्रदर्शनमा सुधार नभएपछि टिटेले उनलाई प्रतिस्थापन गरेका थिए। त्यसपछि ब्राजिलका सुखका दिन सुरु भए। त्यसयता ब्राजिल अपराजित छ। दक्षिण अमेरिकी छनौटमा ब्राजिल पहिलो बन्यो।

### कोलम्बिया

कोलम्बियाले गत संस्करणको विश्वकपमा सबैभन्दा राम्रो प्रदर्शन गर्दै क्वार्टरफाइनलसम्मको यात्रा तय गरेको थियो। उसले ब्राजिलसँग २-१ को पराजय ब्यहारेको थियो।

गत विश्वकपका गोल्डेन बुट विजेता जेम्स राड्रिग्युज कोलम्बियाका स्टार खेलाडी हुन्। सन् २०१२ यता कोलम्बियाको प्रशिक्षण सम्हालेका प्रशिक्षक जोसे पिकरम्यान त्यसयता तीन पटक दक्षिण अमेरिकी प्रशिक्षक अफ द इयरको उपाधि जितेका छन्।

### उरुग्वे

उरुग्वेले पहिलो विश्वकप १९३० मा जितेको थियो। १९५० मा ब्राजिलमा भएको विश्वकप जितेको उरुग्वे सन् २०१४ को विश्वकपमा अन्तिम १६ भन्दा माथि जान सकेन। २००६ यता प्रशिक्षक रहेका ओस्कार ताबारेजले लुईस स्वारेज प्रेरित टोली लिएर यसपटक रुस भ्रमण गर्नेछन्। उनको प्रशिक्षणमा उरुग्वेले २०११ मा कोपा अमेरिकाको उपाधि जितेको थियो।

## उत्तर, मध्य अमेरिका तथा क्यारेवियन

### मेक्सिको

पछिल्ला ६ पटकसम्मको विश्वकपमा मेक्सिकोले नकआउट चरणमा पुगेको छ भने १९८६ मा घरमै भएको विश्वकपमा मेक्सिको क्वार्टरफाइनलसम्म पुगेको थियो।

म्यान्चेस्टर सिटीका पूर्व असिस्टेन्ट म्यानेजर जुहान कार्लोस ओसोरियोको प्रशिक्षणमा रहेको मेक्सिकोले छनौट चरणमा उच्च खेल प्रदर्शन गरेको थियो। कन्फेडेरेसन कपका क्रममा अफिसियललाई अभद्र व्यवहार गरेका कारण उनी ६ खेलको प्रतिबन्धमा छन्। टीमका सिनियर खेलाडीलाई पछाडि पार्न खोजेको भन्दै केही मेक्सिकन समर्थकले उनको आलोचना पनि गर्ने गरेका छन्।

### कोष्टारिका

रुस विश्वकपका लागि छनौट भएर कोष्टा रिकाले पाचौं पटक विश्वकप सहभागिता पक्का गरेको छ। गत संस्करणको विश्वकपमा लोभलाग्दो प्रदर्शन गरेको कोष्टा रिकाका गोलरक्षक केलर नाभास स्पेनिस जायन्ट रियल मड्रिडका नम्बर एक गोलरक्षक हुन्।

उरुग्वे, इटली र इङ्गल्याण्ड सम्मिलित समूहको शीर्ष स्थानमा रहेर नकआउट चरणमा पुगेको कोष्टा रिका क्वार्टरफाइनलमा नेदरल्याण्ड्ससँग पेनाल्टीमा पराजित भएको थियो।

कोष्टा रिकाले १९९० मा विश्वकपमा डेब्यू गर्दाका स्टार खेलाडी ओस्कार रामिरेज अहिले टीमका प्रशिक्षक छन्। उनले २०१५ यता टिम संहालेका हुन्।

### पानामा

पानामा रुस विश्वकपमा आइसल्याण्डपछिको दोस्रो नवआगन्तुक टोली हो। छनौट चरणको अन्तिम खेलमा कोष्टा रिकालाई हराउनु र अमेरिकाले ट्रिनिडाड एण्ड टोबाकोसँग पराजित भएपछि पानामाको भाग्य चम्किएको हो।

## एशिया

### इरान

विश्वकपमा इरान छनौट भएको यो पाँचौं अवसर हो। तर उसले अहिलेसम्म एउटा मात्र खेल जितेको छ। त्यो हो १९९८ को फ्रान्स विश्वकपमा अमेरिकामाथिको जीत।

६ वर्षदेखि इरानको प्रशिक्षण गरिरहेका कार्लोस क्वेइरोजसँग त्यसअघि थुप्रै क्लवको प्रशिक्षण संहालेको अनुभव छ। उनले स्पोर्टिङ लिस्बोनबाट करिअर सुरु गरे र दक्षिण अफ्रिका, रियल मड्रिड, एलेक्स फर्गुसनको असिस्टेन्टको रुपमा म्यान्चेस्टर युनाइटेडमा र पोर्चुगिज टोलीमा दुई पटक प्रशिक्षण गरेका छन्।

### जापान

१९९८ देखि विश्वकप खेल्न थालेको जापानले अहिलेसम्म दुई पटक दोस्रो चरणको यात्रा तय गरेको छ। २००२ मा दक्षिण कोरियासँग मिलेर आफैंले आयोजना गरेको प्रतियोगितामा जापान दोस्रो चरणमा पुगेको थियो।

बोस्नियाली नागरिक भाहिद हालिल्होजिक अहिले जापानका प्रशिक्षक छन्। उनी तिनै प्रशिक्षक हुन् जसले अल्जेरियालाई अघिललो विश्वकपमा दोस्रो चरणमा पुर्‍याएका थिए। जुन, पहिलो पटक विश्वकपमा पुगेको त्यस मुलुकका लागि ऐतिहासिक उपलब्धी थियो।

### साउदी अरेबिया

साउदी अरेबियाले अहिलेसम्म एउटा विश्वकपमा मात्र जीत हासिल गरेको छ। १९९४ मा साउदीले पहिलो सहभागितामै समूह चरणका दुई खेल जितेर दोस्रो चरणमा स्थान बनाएको थियो।

उनीहरुको दोस्रो जित बेल्जियमविरुद्धको थियो। त्यस खेलमा फरवार्ड सइद अल वाइरानले गरेको गोल अहिलेसम्मकै उत्कृष्ट गोलमध्ये पर्छ। उनले मैदानका सेन्टरभन्दा टाढाबाट एक्लो प्रयासमा बेल्जियमका सबै डिफेण्डरलाई विट गर्दै गोल गरेका थिए।

२०१० मा नेदरल्याण्ड्सलाई विश्वकपको फाइनलसम्म पुर्‍याएका डच प्रशिक्षक बर्ट भान मार्विज्क २०१५ यता साउदीका प्रशिक्षक छन्। उनले बोरुशिया डर्टमण्ड, फेयेनूर्ड र ब्यामवर्गको पनि प्रशिक्षण गरिसकका छन्।

### दक्षिण कोरिया

विश्वकप सहभागिता र प्रदर्शनको हिसाबमा दक्षिण कोरिया जत्तिको बलियो र सन्तुलित टोली अरू छैन। छनौट चरणमा उज्वेकिस्तानसँग गोलरहित बराबरी खेलेपछि दक्षिण कोरियाले १०औं पटक विश्वकपमा सहभागी हुने निश्चित भयो। रुस समेत गरी दक्षिण कोरियाको विश्वकपमा लगातार नवौं सहभागिता पनि निश्चित भयो।

दक्षिण कोरियाका प्रशिक्षक शिन तायो योङलाई 'एशियाका माउरिन्हो' भनेर चिनिन्छ। तर, छनौट चरणमा भने उनको टोलीले निक्कै संघर्ष गर्नुपरेको थियो। ४८ वर्षीय योङले १२ वर्ष घरेलु के लिग खेलेका थिए। उनले २००५ मा फुटबलबाट संन्यास लिए।

## अफ्रिका

### इजिप्ट

फिफा र्याङकिङमा इजिप्ट नेदरल्याण्ड्सभन्दा एक स्थान तल ३०औं स्थानमा छ। तर, इजिप्ट २०१० र २०१४ को विश्वकपमा छनौट हुन असफल भएको थियो। दुवैपटक उसले प्लेअफ पार गर्न सकेन। यसपटक भने गत शनिवार भएको कंगोविरुद्धको खेलमा लिभरपुलका स्ट्राइकर मोहम्मद सलाहले इञ्ज्यूरी समयमा गरेको नाटकीय गोलका कारण इजिप्टले रुस विश्वकपको टिकट काट्यो। इजिप्टको ठूलो उपलब्धी २०१० यता छैन। त्यतिबेला उसले अफ्रिका कप अफ नेशन्स सातौं पटक जितेको थियो।

भ्यालेन्सिया र इन्टर मिलानका पूर्व प्रशिक्षक अर्जेन्टाइन हेक्टर कूपर २०१५ यता इजिप्टको टिम प्रशिक्षणमा छन्। हालै सम्पन्न अफ्रिका कप अफ नेशन्समा इजिप्टलाई फाइनलमा पुऱ्याएका कूपरको त्यो नै पहिलो ठूलो प्रतियोगिता थियो।

### नाइजेरिया

नाइजेरिया समग्रमा छैटौं र लगातार तेस्रो पटक विश्वकपका लागि छनौट भएको छ। नाइजेरियाले विश्वकपको अन्तिम १६ मा तीन पटक पुगेको छ। त्यो उसको विश्वकपमा सबैभन्दा ठूलो उपलब्धी हो। यो उपलब्धी उसले १९९४, १९९८ र २०१४ मा हासिल गरेको थियो।